# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, फागुन ३ गते २०४२ साल ( अतिरिक्ताङ्क ५३

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न केही महसूल, कर, पोत, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू राख्न वा हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०४२" रहेको छ।

(२) यस ऐनको दफा १, २, ३, र ४ – २०४२ साल आषाढ २५ गतेदेखि र अरू दफाहरू २०४२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. भन्सार महसूल: (१) नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा मिति २०४२।३।२५ देखि अनुसूची १,२,३ र ४ बमोजिम भन्सार महसूल लगाइने र असूल उपर गरिनेछ ।

तर ए. आर. वन. फारामअन्तर्गत आयात गरिने मालसामानको भारतीय अन्तःशुल्क वृद्धि भएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो वृद्धि भएको रकम जतिसम्म अनुसूची–१ मा उल्लेख भएको तेस्रो मुलुकको पैठारी भन्सार महसूल दर बढाउन सक्नेछ ।

(२) दक्षिण एशियाली देशहरू श्रीलंका, भुटान, माल्दीप्स, बंगलादेश र पाकिस्तानमा बनेका वस्तुहरू ती मुलुकहरूबाट पैठारी हुँदा लाग्ने महसूलमा भारतबाट पैठारी हुनेभन्दा घटी नहुने गरी साठी प्रतिशतसम्म छुट दिइनेछ ।

(३) जनगणतन्त्र चीनमा बनेका वस्तुहरू जनगणतन्त्र चीनबाट नेपाल अधिराज्यको उत्तरी सीमाक्षेत्रबाहेक अन्य बाटो गरी पैठारी हुँदा अनुसूची–१ को महल ४ बमोजिम लाग्ने महसूलमा भारतबाट पैठारी हुँदा लाग्ने महसूलभन्दा घटी नहुने गरी २० प्रतिशतसम्म छुट दिइनेछ ।

तर जनगणतन्त्र चीनको स्वशासित तिब्बत क्षेत्रबाहेक अन्य क्षेत्रमा उत्पादित माल वा वस्तु नेपाल अधिराज्यको उत्तरी सीमाक्षेत्रको बाटो गरी पैठारी भएमा अनुसूची– १ को महल ४ को महसूल दर लाग्नेछ र यसरी भन्सार महसूल लगाइँदा अनुसूची–१ को महल ५ को दरभन्दा घटी नहुने गरी ६० प्रतिशतसम्म छुट दिइनेछ। यो व्यवस्था २०४२।५।१२ देखि लागू हुनेछ ।

३. अन्तःशुल्क: (१) आर्थिक वर्ष २०४२।४३ मा नेपाल अधिराज्यभित्रका मिल, फ्याक्ट्री वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा अनुसूची– ५ बमोजिम अन्तःशुल्क लगाइने र असूल-उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) रूग्ण उद्योगसम्बन्धी उद्योग मन्त्रालयबाट किटान गरिएको परिभाषा-भित्र पर्ने उद्योगलाई ७५ प्रतिशत अन्तःशुल्क छुट दिइनेछ ।

(३) बी. एच. पी. ३० अश्व शक्तिसम्मका समदरका कुड आयलद्वारा संचालित चामल तथा तेल मिलहरूबाट हाल तिर्दै आएका दरमा ३० प्रतिशतका दरले अन्तःशुल्क छुट दिइनेछ ।

(४) बी. एच. पी. १० अश्व शक्तिसम्मको सेलर-सिष्टमको चामल मिलहरूबाट पनि समदरअनुसार अन्तःशुल्क लिइनेछ ।

(५) समदरको आधारमा वार्षिक अन्तःशुल्क बुझाउने मिल तथा कारखानाहरूले तोकिएको म्यादभित्र आफूले बुझाउनु पर्ने पूरै अन्तःशुल्क रकम बुझाएमा त्यस्तो रकमको ३ प्रतिशत छुट दिइनेछ ।

(६) दुर्गम क्षेत्रमा स्थापना भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगहरूलाई ती उद्योगले यस दरबन्दीअनुसार तिर्नु पर्ने अन्तःशुल्कमा १० प्रतिशत छुट दिइनेछ । दुर्गम क्षेत्र भन्नाले यस प्रयोजनको लागि श्री ५ को सरकारले तोकेबमोजिमको क्षेत्र मानिनेछ ।

४. बिक्रीकरः (१) मिति २०४२।३।२५ देखि अनुसूची–६ बमोजिम बिक्रीकर लगाइने र असूल गरिनेछ ।

(२) देहायका घरेलु उद्योगहरूलाई बिक्रेतामा दर्ता गरी उत्पादनमा बिक्रीकर असूल गरिनेछ ।

(क) सबै प्रकारका मदिराहरू (अविकसित क्षेत्रमा स्थापना हुने फलफूलबाट निर्मित मदिराबाहेक) बियर, छयाङ्ग र कार्बोनाइज्ड हल्का पेयहरू (सोडा वाटर, जिन्जरएल, टनिक वाटर तथा मिनरल वाटरबाहेक),

(ख) चुरोट, सिगार, बिडी, सूर्तिबाट बनेका अन्य सामानहरू,

(ग) चिरानी काठ (स:मिलमा चिरानी भएको),

(घ) बहुमूल्य ढुङ्गा तथा जवाहिरात कटिङ्ग पोलिसिङ्ग,

(ङ) कत्था र टेनिङ ।

(३) देहायका घरेलु उद्योगहरूलाई आवश्यक पर्ने कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थको पैठारीमा बिक्रीकर लाग्नेछः–

(क) स्टेनलेस स्टिलका भाँडा वर्तन र अन्य सामान उत्पादन गर्ने,

(ख) जिप फास्नर (एसेम्बलिङ्ग मात्र गर्ने),

(ग) श्रृङ्गार प्रशोधन (कस्मेटिक्स) उत्पादन गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६२६

(घ) जडान वा अन्य प्रक्रियाबाट उत्पादित क्यासेट, क्यासेट टेप, टेपरेकर्डर, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो, ट्रान्जिष्टर, टु-ईन वन, थ्रि-ईन वन र विद्युत्बाट चल्ने हिटर, टोष्टर, मिक्सर कुकर, ग्राइण्डर, जुसर, हेयर ड्रायर तथा उपर्युक्त प्रकारका अन्य सामानहरू उत्पादन गर्ने,

(ङ) सिन्थेटिक यार्न (एक्रेलिक यार्नसमेत) र सोमा आधारित वस्तु उत्पादन गर्ने,

(च) कृत्रिम रेशामा आधारित होजियरी उत्पादन गर्ने,

(छ) प्लाष्टिक, पोलिथिन र पी.भी.सी. कम्पाउण्ड जस्ता पदार्थमा आधारित सामान उत्पादन गर्ने,

(ज) कर्कटपाता (कोरोगेशन मात्र गर्ने) ।

(४) देहायका घरेलु लगायत सबै प्रकारका उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थमा पैठारीको अवस्थामा नै बिक्रीकर लाग्नेछ :-

(क) फोटोग्राफी,

(ख) रेडिमेड गार्मेन्टस्,

(ग) प्याकिङ्ग मात्र गर्ने र

(घ) चलचित्र उत्पादन गर्ने ।

(५) माथि उपदफा (२), (३) र (४) मा उल्लिखितबाहेक अन्य सबै घरेलु स्तरका उद्योगले आफ्नो उत्पादनको लागि पैठारी गर्ने वा अधिराज्यको कुनै उद्योगबाट खरीद गर्ने वा यस्ता उद्योगको लागि कच्चा पदार्थ उपलब्ध गराउन स्वीकृति प्राप्त पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थाबाट खरीद गर्ने कोरामाल र रासायनिक पदार्थहरूमा र ती घरेलु उद्योगको उत्पादनमा समेत बिक्रीकर पूर्णरूपमा माफी हुनेछ ।

तर, बिक्रीकर माफी पाएका घरेलु उद्योगहरूले उपदफा (२), (३) र (४) मा उल्लिखित उद्योगहरूले प्रयोग गर्ने किसिमका औद्योगिक कच्चा पदार्थहरू पैठारी गरेकोमा वा बिक्रेतामा दर्ता भएका उद्योगहरूबाट खरीद गरेमा बिक्रीकर लाग्नेछ ।

(६) उपदफा (३), (४) र (५) मा उल्लेख गरिएकाबाहेक अन्य उद्योगहरूलाई बिक्रेताको रूपमा दर्ता गरी त्यस्ता उद्योगको उत्पादनमा बिक्रीकर असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, दरबन्दी अनुसार बिक्रीकर नलाग्ने वस्तु उत्पादन गर्ने उद्योग-हरूलाई बिक्रीकरमा दर्ता गरिने छैन र यस्ता उद्योगहरूले पैठारी गर्ने औद्योगिक कच्चा पदार्थमा सम्बन्धित विभागको सिफारिशमा बिक्रीकर छुट दिइनेछ ।

(७) उपदफा (२) र (६) बमोजिम बिक्रेताको रूपमा दर्ता भएका उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थको भन्सारले कायम गरेको मूल्यमा लागेको भन्सार महसूल जोडी हुने रकममा अग्रिम बिक्रीकर लिइनेछ र यस्तो अग्रिम बिक्रीकरको रकमलाई पछि उद्योगले दाखिला गर्नुपर्ने बिक्रीकरबाट कट्टा गरिनेछ ।

(८) उपदफा (७) बमोजिम अग्रिम बिक्रीकर बुझाउन पर्ने उद्योगहरू-लाई अग्रिम बिक्रीकर दाखिलाको पासबुक उपलब्ध गराइनेछ र सामान पैठारी गरिने भन्सार कार्यालयले उक्त पासबुकमा आयातित औद्योगिक कच्चा पदार्थको साथै अग्रिम बिक्रीकरको रकम पनि चढाई दिनुपर्नेछ ।

(९) उत्पादनमा बिक्रीकर तिर्ने र उपदफा ५ बमोजिम बिक्रीकर माफी पाएका उद्योगले बाहेक विदेशबाट पैठारी गरिने मालसामानमा पैठारी हुँदाकै अवस्थामा भन्सार कार्यालयमा बिक्रीकर असूल उपर गरिनेछ र बिक्रीकर प्रयोजनको लागि भन्सारले कायम गरेको मूल्यमा दरबन्दी अनुसार पूरै भन्सार महसूल जोडिनेछ ।

(१०) डिष्टिलरीबाट उत्पादन हुने निम्नकोटीको मदिराको बिक्री मूल्य वा न्यूनतम ग्यारेण्टीको १.७५ प्रतिशतले हुने रकम जुन बढी हुन्छ सोही रकमलाई बिक्रीमूल्य कायम गरी दरबन्दी अनुसार बिक्रीकर असूल गरिनेछ ।

(११) रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० बमोजिम ठेक्का बन्दोवस्त भएका मदिराको बिक्रीकर ठेक रकमलाई डेढी (१.५) गरी बिक्रीमूल्य कायम मानी सोमा बिक्रीकर असूल उपर गरिनेछ ।

(१२) झिटीगुण्टाभारी आदेशअन्तर्गत विदेश गै फर्कने यात्रुले सो आदेशमा तोकिएको बिक्रीकर सहुलियतभन्दा बढी सामान ल्याएमा त्यस्तो बढी सबै किसिमको सामानमा भन्सारले कायम गरेको मूल्यमा भन्सार महसूल जोडी हुन आउने मूल्यमा प्रचलित बिक्रीकर दरबन्दीको अधिकतम दर अनुसार निर्धारण गरी असूल गरिनेछ ।

(१३) परिवर्त्य विदेशी मुद्रा भुक्तानी पाउने गरी आफूले उत्पादन गरेको वस्तु बिक्री गर्ने उद्योगलाई त्यस्तो वस्तुको बिक्रीमा पूरै बिक्रीकर छुट दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४५

(१४) श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थाले मुनाफा आर्जन वा बिक्री गर्ने नभै संस्थाको आफ्नै प्रयोगको लागि ल्याएको सामान वा कूटनैतिक नियोग, अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशमा काम गरी फर्केका वा विदेशमा अध्ययन, तालीम, निरीक्षण, भ्रमण, सेमिनार वा सम्मेलनमा भाग लिई फर्केका नेपाली यात्रीहरूले विदेशी मुद्राको आधिकारिक स्रोतबाट प्राप्त गरेको व्यक्तिगत आयात इजाजतपत्र अन्तर्गतका सामानहरू (बिक्रीकर दरबन्दीको संकेत नं. (८७–३) अन्तर्गत पर्ने सवारी साधन बाहेक) पैठारी गर्दा भन्सारले कायम गरेको मूल्यमा लाग्ने महसूल र सरचार्ज जोडी दरबन्दी अनुसार बिक्रीकर लगाई असूल उपर गरिनेछ ।

(१५) समुद्रपार वा भारतबाट पैठारी हुने सिमेण्टमा (सेता सिमेण्टबाहेक) प्रति मेट्रिक टन रु. १,५४४।– मूल्य कायम गरी बिक्रीकर असूल गरिनेछ ।

(१६) दरबन्दीबमोजिम बिक्रीकर लाग्ने स्वदेशी वस्तु लिलाम वा बिक्री गर्दा औद्योगिक उत्पादनमा लाग्ने दर अनुसार बिक्रीकर असूल गरिनेछ ।

(१७) नेपालको संस्कृति र प्रतिष्ठाको प्रचार तथा पर्यटन विकासको लागि स्वदेश वा विदेशमा छापिने नेपालसम्बन्धी स्वीकृत नक्शा, पोष्टर, पोष्टकार्ड, क्यालेण्डर आदिमा बिक्रीकर लाग्ने छैन ।

(१८) घरेलु उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ कुनै संगठित संस्थाले पैठारी गरी घरेलु उद्योगहरूलाई मात्र बिक्री वितरण गर्ने भएमा त्यस्तो संस्थाले पैठारी गरेको कच्चा पदार्थमा पनि घरेलु उद्योगलाई लाग्ने सरह कै प्रक्रिया र दरबाट बिक्रीकर लाग्नेछ । यसरी बिक्री वितरण गरेको मासिक फाँटवारी सो संस्थाले कर विभागमा पेश गर्नु पर्नेछ ।

(१९) विदेशी कूटनैतिक नियोग र त्यहाँ काम गर्ने कूटनैतिक कर्मचारी तथा महसूल सुविधा पाएका व्यक्ति वा संस्थाको नाममा दर्ता भई नेपाल अधिराज्यभित्र ५ वर्ष प्रवेश भई सकेको सवारी साधन बिक्री गरेमा बिक्रीकर लाग्ने छैन ।

(२०) अन्तःशुल्क सुविधा पाएका उद्योगहरूले आफ्नो उत्पादित वस्तु बिक्री गर्दा बिक्रीकर प्रयोजनको लागि दरबन्दी अनुसार लाग्ने अन्तःशुल्क रकमसमेत समावेश गरी बिक्रीकर असूल गरिनेछ ।

(२१) औद्योगिक सुविधाअन्तर्गत पैठारी हुने मालसामानमा दरबन्दी-अनुसार लाग्ने भन्सार महसूल पूरै जोडी बिक्रीकर असूल गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६६०

५. हवाई उडान करः आर्थिक वर्ष २०४२।४३ मा आर्थिक ऐन, २०४१ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ ।

६. आयकरः (१) आर्थिक वर्ष २०४२।४३ मा अनुसूची–७ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

(२) कुनै व्यक्ति वा परिवारमा पति र पत्नी दुवै जना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरूको मुख्य स्रोत पारिश्रमिक आय रहेछ भने त्यस्ता पति वा पत्नीको आय व्यक्तिको आय सरह गरी छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ ।

(३) न्यूनतम ग्यारेण्टी रकम कबूल गरी निम्नकोटीको मदिरा उत्पादन गर्ने डिष्टिलरीको लेखाको आधारमा आयकर निर्धारण भएमाबाहेक डिष्टिलरीले कबूल गरेको न्यूनतम ग्यारेण्टी वा अन्तःशुल्कको रकम जुन बढी हुन्छ, त्यसको २५ (पच्चीस) प्रतिशत खूद आय कायम गरी कर निर्धारण गरिनेछ ।

(४) विदेशस्थित फिल्म वितरकहरूलाई निजले नेपालस्थित डिष्ट्रिब्यूटर र सिनेमा हलवालाहरूबाट खूद पाउने रकममा मात्र २५ (पच्चीस) प्रतिशतका दरले कर लगाइनेछ ।

(५) नेपाल अधिराज्यका बैंकहरूमा खाता खोल्ने गरी पूंजी लगानीको रूपमा कसैले विदेशबाट परिवर्त्य विदेशी मुद्रा ल्याएमा त्यस्तो विदेशी मुद्रामा आयकर लाग्ने छैन ।

(६) सोल्टी क्यासिनोबाट वार्षिक रु. ३०,००,०००।– (तीस लाख रुपैयाँ) रोयल्टी लिइनेछ । साथै प्रचलित कानूनबमोजिम तिर्नु पर्ने आयकर लगायत अरू करहरू समेत क्यासिनोले तिर्नु पर्नेछ ।

(७) २०४२ श्रावण १ गतेपछि उद्योग तथा व्यापार व्यवसायको आय विवरण दाखिल गर्ने करदाताबाट देहायबमोजिम अग्रिम आयकर असूल उपर गर्न सकिनेछः–

(क) विगत वर्षको निर्धारित कर बराबरको रकम आर्थिक वर्ष २०४२।४३ मा अग्रिम रूपमा विवरण पेश नहुँदै दाखिला गरे गराएमा सो दाखिल गरे गराएको कर रकम,

(ख) करदाताले चालू आर्थिक वर्षको बुझाउनु पर्ने रकम अग्रिम तीन किस्तामा विवरण पेश गर्न अगावै दाखिला गरेमा,

(ग) खण्ड (ख) बमोजिम अग्रिम दाखिला भएको कर अन्तिम कर निर्धारण हुँदा बढी भएमा बढी भए जति रकमको वार्षिक ८.५ प्रतिशतका दरले व्याजसहित सो बढी रकम फिर्ता गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसंग हुने आयात निर्यात व्यापारमा आयाततर्फको आय निर्धारण व्यवस्था यथावत कायम राखी निर्याततर्फ एक प्रतिशत मात्र खूद आय निर्धारण गरिनेछ ।

(९) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्षभन्दा बढी अवधिसम्म कायम रहने ठेक्काको खूद आय पूरै ठेक्काको हिसाबले कायम गरी कर निर्धारण गर्न सकिनेछ ।

(१०) अन्तर्राष्ट्रिय बोलपत्रद्वारा लिएको ठेक्का कार्यमा प्रयोग गरिने सम्पत्तिहरूको ह्रास कट्टीको प्रयोजनको लागि सम्बन्धित कन्सल्टैण्ट र परियोजना प्रमुख वा विभागीय प्रमुखले सिफारिश गरे अनुसार सम्पत्तिहरूको वर्गीकरण गरी त्यस्ता सम्पत्तिहरूमा प्रचलित कानूनबमोजिम ह्रास कट्टी सहुलियत दिइनेछ ।

(११) कुनै पनि उद्योगले जडित क्षमतामा बृद्धि हुने गरी विस्तार गरेमा थप नयाँ लागतको ५० प्रतिशतले हुने रकम सो उद्योगको खूद आयबाट कट्टा गरी कर निर्धारण गरिनेछ ।

७. शहरी क्षेत्रको घरजग्गा करः (१) आर्थिक वर्ष २०४२।४३ मा अनुसूची–८ बमोजिम शहरी क्षेत्रको घरजग्गामा घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यको कुनै पनि शहरी क्षेत्रमा आफ्नो र आफ्नो परिवारको नाममा रहेको एउटा घरलाई घरजग्गा करको प्रयोजनको लागि मूल्याङ्कन गर्दा ३,००० वर्ग फिटसम्मको घर र सो घर अडेको जग्गाको अतिरिक्त आधा रोपनी वा सो बराबरको जग्गालाई स्ववासी घरजग्गा मानी यस्तो स्ववासी घरजग्गालाई कर लाग्ने मूल्यमा गणना गरिने छैन ।

(३) उप-दफा (२) मा लेखिएभन्दा बढी वर्ग फिटको घर भएमा सो वर्ग फिट र लगापातभित्रको बाँकी जग्गाको मूल्याङ्कन गर्दा हुन आउने मूल्यमा अनुसूची–८ बमोजिम पाउने छूट कटाई बाँकी रहन आएको अङ्कमा घर जग्गा कर लगाई असूल उपर गरिनेछ ।

(४) स्ववासी घरजग्गाबाहेक शहरी क्षेत्रको अरू घरजग्गामा कर छूट दिइने छैन ।

(५) आर्थिक वर्ष २०४०।४१ भन्दा अघिका आर्थिक वर्षहरूको कर निर्धारण भएकोमा सो निर्धारित कर दाखिला गर्न बढीमा ३ वर्षको किस्ताबन्दीको सुविधा दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६८

८. ठेक्का कर: आर्थिक वर्ष २०४२।४३ मा "आर्थिक ऐन, २०४१" बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

९. होटल कर: आर्थिक वर्ष २०४२।४३ मा "आर्थिक ऐन, २०४१" बमोजिम होटल कर लगाइने र असूल उपर गरिनेछ ।

१०. सवारी साधन कर: (१) आर्थिक वर्ष २०४२।४३ मा अनुसूची–९ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) सवारी साधन कर लागेका सवारी साधनहरूको आयमा आय कर लाग्नेछैन ।

११. मनोरञ्जन कर: (१) आर्थिक वर्ष २०४२।४३ मा अनुसूची–१० बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) नेपाल अधिराज्यमा निर्मित नेपाली भाषाका चलचित्रहरूबाट उठेको मनोरञ्जन करको रकममध्ये ५० प्रतिशत रकम कर कार्यालयको धरौटी खातामा राखी नेपाली चलचित्र निर्माताहरूले पाउने ५० प्रतिशत अनुदान सोझै कर कार्यालयको धरौटी खाताबाट उपलब्ध गराइनेछ ।

तर विदेशमा निर्माण गरी नेपाली भाषामा डबिङ मात्र गर्ने चलचित्र निर्मातालाई यस्तो अनुदान रकम दिइनेछैन ।

१२. व्याज कर: (१) आर्थिक वर्ष २०४२।४३ मा निक्षेपकर्ताले बैंकहरूमा राखेको मुद्दति निक्षेपबाट वार्षिक पाँच हजार रूपैयाँभन्दा बढी व्याज आर्जन गरेमा सो पूरै व्याजको रकममा ५ प्रतिशतका दरले व्याज कर लगाइने र असूल उपर गरिनेछ । बैंकहरूले निक्षेपकर्तालाई दिएको व्याज र त्यसमा लाग्ने कर कट्टा गरेको फाँटवारी कर कटाइएकै बखत सम्बन्धित कर कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको आय निक्षेप र कोषमा व्याज कर लाग्ने छैन :–

(क) मुद्दति निक्षेपबाट वर्षभरि प्राप्त रु. ५,०००।– रकमसम्मको व्याज,

(ख) बचत निक्षेप,

(ग) कर्मचारी संचय कोषको निक्षेप,

(घ) बैंकमा कर्मचारीको नाममा रहेको संचय कोष,

(ङ) पंचायत तथा वर्गीय संगठनको निक्षेप, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सार्वजनिक हितका लागि गठन भएको र धार्मिक कृत्य-सम्बन्धी भनी श्री ५ को सरकारले तोकेको संस्थाको निक्षेप।

(३) कुनै व्यक्तिको मुद्दति निक्षेपबाट प्राप्त व्याजको साथै अन्य स्रोतको आय पनि भएमा यस्तो मुद्दति निक्षेपबाट प्राप्त व्याजलाई अन्य आयमा समावेश गरी हुन आउने आयबाट व्यक्तिको हकमा रू. १५,०००।– र दम्पति वा परिवारको हकमा रू. २०,०००।– सम्मको आयमा कर लाग्ने छैन र यस्तो करदाताको कर नलाग्ने कुराको सूचना सम्बन्धित कर कार्यालयबाट प्राप्त भएमा सम्बन्धित बैंकबाटै त्यस्तो कर कट्टा गरिएको रकम फिर्ता गरिनेछ। सो हदभन्दा बढीको रकममा अनुसूची–७ बमोजिम आय कर लगाइने र असूल उपर गरिनेछ।

१३. सडक, पुल सम्भार कर : आर्थिक वर्ष २०४२।४३ मा आर्थिक ऐन, २०४१ बमोजिम सडक, पुल सम्भार कर लगाइने र असूल उपर गरिनेछ।

१४. भिडिओ तथा तत्सम्बन्धी उपकरणहरूमा लाग्ने कर : आर्थिक वर्ष २०४२।४३ मा आर्थिक ऐन, २०४१ बमोजिम भिडिओ तथा तत्सम्बन्धी उपकरणहरूमा कर लगाइने र असूल उपर गरिनेछ।

१५. मालपोत तथा भूमिकर : आर्थिक वर्ष २०४२।४३ मा आर्थिक ऐन, २०४१ बमोजिम मालपोत तथा भूमिकर लगाइने र असूल उपर गरिनेछ। साथै नापी भएका वा नभएका जिल्लाहरूमा लाग्ने मालपोतको दश प्रतिशत थप गरी स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ।

१६. रजिष्ट्रेशन दस्तुर : आर्थिक वर्ष २०४२।४३ मा आर्थिक ऐन, २०४१ बमोजिम रजिष्ट्रेशन दस्तुर लगाइने र असूल उपर गरिनेछ।

१७. रोपवे कर : आर्थिक वर्ष २०४२।४३ मा आर्थिक ऐन, २०४१ बमोजिम रोपवे कर लगाइने र असूल उपर गरिनेछ।

१८. आय टिकट दस्तुर : आर्थिक वर्ष २०४२।४३ मा आय टिकट दस्तुर ऐन, २०१९ मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–११ मा उल्लेख भएबमोजिमका सेवा र वस्तुहरूमा आय टिकट दस्तुर लगाइने र असूल उपर गरिनेछ।

१९. दर घटाउन सक्ने : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २ मा उल्लिखित महसूलको दर घटाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

भन्सार महसूल दरबन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | महसूल दर प्रति १०० के.जी. वा मो.प्र.श. (%) (अन्यथा केही उल्लेख नभएको भए) पैठारी साधारण | अधिकतम सौविध्य प्राप्त देशको (भारत र ज.ग.चीनको तिब्बत क्षेत्र बाहेक) | भारत र ज.ग.चीन-को तिब्बत क्षेत्र | निकासी |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| ०१.०२(ख) | अन्य प्रति गोटा | माफी | माफी | माफी | १० |
| ०१.०३ | जीवित सुंगूर प्रति गोटा | माफी | माफी | माफी | ५ |
| ०३.०२(ग) | माछा सुकाएको (उप-संकेत ख.बाहेक) नूनीलो वा नून पानीमा डुबाएको | १६% | १५% | १५% | माफी |
| (घ) | सेकुवा बनाएको (सिद्रासमेत) | १६% | १५% | १५% | माफी |
| ०४.०३ | नौनी | | | | |
| | (१) प्रशोधित घिउ | ५% | ५% | ५% | १०० |
| | (२) अन्य घिउ | ५% | ५% | ५% | ३०० |
| | (३) अन्य (प्रशोधित नौनी समेत) | १६% | १५% | १५% | माफी |
| ०५.०२(१) | कडा खालको रौं (ब्रिष्टल) | १% | १% | १% | १५ |
| ०५.०४ | जनावरका आन्द्रा भूँडी वा मूत्रासय (माछाबाहेक) सम्पूर्ण वा टुक्रा गरेको | १४% | १३% | १३% | माफी |
| ०५.०५ | माछाको अवशेष | १४% | १३% | १३% | माफी |
| ०५.०८ | हाड वा सिंगभित्रको हाड, अप्रशोधित बोसो हटाइएको, साधारण रूपले तयारी गरेको | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६८२

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| | (तर साइज मिलाई नकाटेको) एसिड घोलिएको वा चिट चिटेपन हटाइएको (डिजे-ल्याँटनाइज्ड) यी उत्पादनका धूलो र अवशेषहरू | माफी | माफी | माफी | १% |
| ०७.०६ | मनिओक (नलि जस्तो जरा हुने जराको पीठो) आरारोट साल मिश्री हात्ती पाइले साग सखरखण्ड र अन्य यस्तै जरा गानोहरू (जसमा धेरै मात्रामा माड जस्तो पदार्थ वा इन्यूल भएको) ताजा सुकाएको सिंगै वा ताछेको, काटकुट गरेको, साबुदानासमेत | १% | १% | १% | माफी |
| ०८.०५(क) | बदाम (अलमोण्ड) | १६% | १५% | १५% | माफी |
| ०८.१२ | संकेत नं. ०८.०१, ०८.०२, ०८.०३, ०८.०४ वा ०८.०५ अन्तर्गत पर्ने बाहेकको सुकाएको फलफूल | १६% | १५% | १५% | माफी |
| १०.०१ | (क) दुरम गहुँ | माफी | माफी | माफी | १५ |
| | (ख) अन्य | माफी | माफी | माफी | १५ |
| ११.०४ | संकेत नं. ०७.०५ अन्तर्गतको दलहन जस्तो (कोसेबाली) को सुकेको वनस्पतिको पीठो वा भाग ८ अन्तर्गत पर्ने फलफूल साबुदानाको पीठो वा मैदा वा संकेत नं. ०७.०६ मा पर्ने जरा र गानोको पीठो | १% | १% | १% | १% |
| १२.०१(ङ) | आलस | माफी | माफी | माफी | १५ |
| १४.०१ | (१) बेत | माफी | माफी | माफी | ५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| १४.०५ | (४) खयर मूढा, हाँगाबिगा, ठुन्का, जरा, टुक्रा चोइटाचोइटी र धूलोसमेत | माफी | माफी | माफी | १०० |
| १५.०७ | (६) आलसको तेल | ६% | ६% | ६% | १% |
| १६.०४ | साबूदाना जस्तै खाद्य वस्तु (टयापियोका) र साबुदाना, आलु वा अन्य माडबाट प्राप्त गरिएको टयापियोका र साबुदानाका पूरक वस्तु | १% | १% | १% | माफी |
| २३.०४ | (झ) अन्य | | | | |
| | (१) तोरीको | माफी | माफी | माफी | १० |
| | (२) अन्य | माफी | माफी | माफी | १% |
| २५.०८ | (१) धूलो रूपमा | १% | १% | १% | ३% |
| २५.२२ | चुनाकलि, पानी हालेर पकाएको चून क्याल्सियम अक्साइड र हाइड्रो अक्साइड बाहेक | ३ | ३ | ३ | माफी |
| २५.२३ | पोर्टल्याण्ड सिमेण्ट ( चून द्रावक र ब्रुमटलाई बाल्दा बनिने सिमेण्ट, सिमेण्ट फोण्ड, एलुमिनियमयुक्त सिमेण्ट), सुपर सल्फेट सिमेण्ट र अन्य जल प्रेरित सिमेण्टहरू, रङ्गीन वा रंगहीन अथवा क्लिङ्कर (धातुमल) | | | | |
| | (१) सेतो सिमेण्ट | ४० | ३८ | ३८ | १% |
| | (२) अन्य | ३० | २८ | २८ | १% |
| २७.०१ | (क) एन्थासाइट, चूर्ण पारिएको वा नपारिएको तर असंगठित | १७% | १६% | माफी | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| | (ख) अन्य कोइला चूर्ण वा अचूर्ण तर असंगठित | १७% | १६% | माफी | माफी |
| | (ग) संगठित धूलो, गोलाकार र अन्य त्यस्तै कोइलाबाट बनेका इन्धनहरू | १७% | १६% | माफी | माफी |
| २७.०२ | (क) लिग्नाइट, चूर्ण वा अचूर्ण तर असंगठित | १७% | १६% | माफी | माफी |
| | (ख) संगठित लिग्नाइट | १७% | १६% | माफी | माफी |
| २७.०३ (क) | पिट खाँदिएको वा नखाँदिएको बिटो (बेल) तर असंगठित | १७% | १६% | माफी | माफी |
| (ख) | संगठित पिट | १७% | १६% | माफी | माफी |
| २७.०४ (क) | पत्थर कोईला र अर्ध-पत्थर कोइला | १७% | १६% | माफी | माफी |
| (ख) | लिग्नाइट वा पिटको पत्थर कोइला वा अर्ध-पत्थर कोइला | १७% | १६% | माफी | माफी |
| २७.०७ (क) | बेन्जोल | ३% | ३% | ३% | माफी |
| (ख) | टोल्यूल | ३% | ३% | ३% | माफी |
| (ग) | जाइलोल | ३% | ३% | ३% | माफी |
| (घ) | अन्य | ३% | ३% | ३% | माफी |
| २७.०८ (क) | कोलटार वा अन्य खनिज टारबाट प्राप्त पिच | ३% | ३% | ३% | माफी |
| (ख) | पिचकोक | ३% | ३% | ३% | माफी |
| २७.१४ (ख) | (१) पेट्रोलियम बिटुमिन | ३% | ३% | ३% | माफी |
| २८.१७ (क) | सोडियम हाइड्रोक्साइड (कास्टिक सोडा) ठोस | १६% | १५% | १५% | माफी |
| (ख) | सोडियम हाइड्रोक्साइड जलयुक्त तरल | १६% | १५% | १५% | माफी |
| (ग) | पोटासियम हाइड्रोक्साइड (कास्टिक पोटास, सोडियम वा पोटासियमका पेरोक्साइड) | १६% | १५% | १५% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| २८.४५ | सिलिकेटहरू, व्यापारिक सोडियम र पोटासियम सिलिकेटहरू | २२% | २१% | २१% | माफी |
| ३२.०४ | (१) धूलो रूपमा रहेको कत्था (कुनै पनि रूपमा रहेको कच्छ) | ३२ | ३० | ३० | ५५ |
| | (२) अन्य प्रक्रिया लगाइएको कत्था | ३२ | ३० | ३० | २२० |
| ३४.०३ | चिल्लो पार्ने साधनहरू र वस्त्रहरूमा, छालाहरूमा र अन्य साधनमा लगाउने तेल र चिल्लो पार्ने सामानहरू (ग्रीज) तर तौलमा ७० प्रतिशतभन्दा बढी पेट्रोलियम पदार्थ वा बिटुमिन खनिज बाट प्राप्त तेलहरू बाहेक | ११% | १०% | १०% | माफी |
| ३७.०७ | सिनेमासम्बन्धी फिल्म, खोलिएको र विकास गरिंएको, ध्वनीमार्ग भएको वा नभएको वा ध्वनीमार्ग मात्र भएको नेगेटिभ वा पोजिटिभ मि. | ०.३० | ०.२८ | ०.२८ | माफी |
| ३८.११(ख) | (१) म्यालाथिन फर्मुलेशन बी. एस. सी. फर्मुलेशन र एम. ई. सी. फर्मुलेशन | ११% | १०% | १०% | माफी |
| ३९.०७(ङ) | पहिरन र लुगासम्बन्धी सामग्रीहरू | १६% | १५% | १५% | माफी |
| ४०.१३ | कडा नगरेको भल्कनाइज्ड रबरको सबै कामको लागि | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| | बनेको लुगाफाटोको सहायक वस्तुहरू (पञ्जासमेत) र पोशाकको निमित्त तयार भएका सामानहरू | २१% | २०% | २०% | माफी |
| ४०.१४ | कडा नगरेको भल्कनाइज्ड रबरको अन्य सामानहरू | | | | |
| | (१) मेट्ने इरेजर | ६% | ६% | ६% | माफी |
| | (२) अन्य | ४०% | ३८% | ३८% | माफी |
| ४४.०१(क) | बाल्ने दाउरा, मूढा, ठुन्का, हाङ्गाबिङ्गा | माफी | माफी | माफी | २० |
| (ख) | काठको खेर फालेको पदार्थ र काठको धूलोसमेत | माफी | माफी | माफी | २० |
| ४४.११(क) | खँदिलो रेशा बनाउने काठको बोर्ड (हार्ड बोर्ड) | ३६% | ३४% | ३४% | ५०% |
| (ख) | अन्य | ३६% | ३४% | ३४% | ५०% |
| ४४.१२ | काठको ऊन र पीठो | १२% | ११% | ११% | २० |
| ४४.१५(क) | काठको पाता पूर्ण रूपमा भएको प्लाइउड | ३३% | ३१% | ३१% | १०% |
| ४८.०१(ज) | (क) कुट (स्ट्रा बोर्ड) | १६% | १५% | १५% | माफी |
| ४८.०५(क) | क्राफ्ट कागज खुम्च्याइएको (क्रेप वा क्रिकल बुट्टा हानेको नहानेको वा प्वाल पारेको वा नपारेको) | २१% | २०% | २०% | माफी |
| (ख) | अन्य क्रेप क्रिकटन कागजहरू बुट्टा भएको वा नभएको प्वाल पारेको वा नपारेको | २१% | २०% | २०% | माफी |
| (ग) | अन्य | २१% | २०% | २०% | माफी |
| ४८.०८ | कागज बनाउने गुभोको पाता, डण्डी, फिल्टरसमेत | २१% | २०% | २०% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| ४८.१८ | (१) | खातापत्र, नोटबुक, सम्झना पुस्तिका (डायरी), ब्याङ्क लेजर बुक | १०% | ६% | ६% | माफी |
| ५१.०१ | (क) | अभग्न पोलियामाईड (नाइलन) रेशाको व्यवस्थित गरी मिलाएको धागो | २२% | २१% | २१% | माफी |
| | (ख) | अभग्न पोलियामाइड (नाईलन) को व्यवस्थित गरी नमिलाएको रेशा, नबाटिएको वा १ मिटरमा ५० फन्का भन्दा बढी नबाटिएको | २२% | २१% | २१% | माफी |
| | (ग) | अभग्न पोलियामाइड (नाईलन) रेशाको व्यवस्थित गरी नमिलाएको अन्य धागो | २२% | २१% | २१% | माफी |
| | (घ) | अभग्न पोलिष्टर (टेरेलिन) रेशाको व्यवस्थित गरी मिलाएको धागो | २२% | २१% | २१% | माफी |
| | (ङ) | अभग्न पोलिष्टर रेशाको व्यवस्थित गरी नमिलाएको र नबाटेको वा १ मिटरमा ५० फनकाभन्दा बढी नबाटिएको धागो | २२% | २१% | २१% | माफी |
| | (च) | अभग्न पोलिष्टर रेशाको व्यवस्थित गरी नमिलाएको अन्य धागो | २२% | २१% | २१% | माफी |
| | (छ) | अन्य अभग्न कृत्रिम रेशाको धागो | २२% | २१% | २१% | माफी |
| | (ज) | अभग्न भिस्कोस रेयनको धागो | २२% | २१% | २१% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६७

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| | (झ) कुनै अभग्न एसिटेड रेशाको धागो | २२% | २१% | २१% | माफी |
| | (ञ) अन्य अभग्न पुनरूत्थित (रिजेनेरेटेड) कपडाको रेशाको धागो | २२% | २१% | २१% | माफी |
| ५१.०२ | (क) कृत्रिम रेशा पदार्थको | २२% | २१% | २१% | माफी |
| | (ख) पुनरूत्थित रेशा पदार्थको | २२% | २१% | २१% | माफी |
| ५१.०३ | (क) अभग्न कृत्रिम रेशाको | २२% | २१% | २१% | माफी |
| | (ख) अभग्न पुनरूत्थित गरिएको रेशाको | २२% | २१% | २१% | माफी |
| ५५.०१ | नफडकेको वा नकोरेको कपास | १% | १% | १% | माफी |
| ५५.०२ | कपासको भूवा | १% | १% | १% | माफी |
| ५५.०३ | कपासको अवशेष (कटन-वेष्ट) कातेको वा सफा गरेको झुत्रा-समेत फडकेको वा कोरेको बाहेक | १% | १% | १% | माफी |
| ५५.०४ | फडकेको वा कोरेको कपास | १% | १% | १% | माफी |
| ५५.०६ | (क) (१) १००% कपासको वजन भएको कपडा | ४५% | ४३% | ८% | माफी |
| | (ख) (१) १००% कपासको वजन भएको कपडा | ४५% | ४३% | ८% | माफी |
| ५६.०५ | (क) भग्न कृत्रिम रेशाको वजन ८५ प्रतिशत वा सोभन्दा बढी भएमा | २२% | २१% | २१% | माफी |
| | (ख) ८५ प्रतिशतभन्दा कम कृत्रिम रेशाको वजन भएको मुख्यतया वा पूर्णतया कपास मिसिएको अभग्न कृत्रिम रेशाको | २२% | २१% | २१% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| | (ग) ८५ प्रतिशतभन्दा कम वजन भग्न कृत्रिम रेशाको भएको मुख्यतया वा पूर्णतया ऊन वा जीव जन्तुको मसिनो रौं मिसिएको भग्न कृत्रिम रेशाको | २२% | २१% | २१% | माफी |
| | (घ) ८५ प्रतिशतभन्दा कम वजन भग्न कृत्रिम रेशाको भएको र मुख्यतया वा पूर्णतया ऊन वा जीव जन्तुको मसिनो रौं र कपासबाहेक अरू रेशा मिश्रित भग्न रेशाको | २२% | २१% | २१% | माफी |
| | (ङ) ८५ प्रतिशतभन्दा बढी पुनरूत्थान रेशाको वजन भएको भग्न पुनर्जागृत रेशाको | २२% | २१% | २१% | माफी |
| | (च) ८५ प्रतिशतभन्दा कम वजन पुनरूत्थित रेशाको भएको र मुख्यतया वा पूर्णतया त्यस्तो रेशामा कपास मिसिएको भग्न पुनरूत्थित रेशाको | २२% | २१% | २१% | माफी |
| | (छ) भग्न पुनर्जागृत रेशाको ८५ प्रतिशतभन्दा कम वजन भएको मुख्यतः वा पूर्णतः ऊन वा जीव जन्तुको मसिनो रौं मिश्रित रेशाको | २२% | २१% | २१% | माफी |
| | (ज) ८५ प्रतिशतभन्दा कम भग्न पुनरूत्थित रेशाको वजन भएको मुख्यतः वा पूर्णतः कपास, ऊन वा जीव जन्तुको मसिनो रौं-बाहेक अन्य रेशा मिश्रित भग्न कृत्रिम रेशाको | २२% | २१% | २१% | माफी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| ५६.०६ | (क) | भग्न कृत्रिम रेशाको ८५ प्रतिशत वा सोभन्दा बढी वजन भएको | २२% | २१% | २१% | माफी |
| | (ख) | भग्न कृत्रिम रेशाको ८५ प्रतिशतभन्दा कम वजन भएको | २२% | २१% | २१% | माफी |
| | (ग) | भग्न पुनरूत्थित रेशाको | २२% | २१% | २१% | माफी |
| ५७.०४ | (ख) | नरिवलको जटा र त्यसको अवशेष तन्काएको वा सफा गरेको झुत्रा र डोरीसमेत | ४% | ४% | ४% | माफी |
| ५७.०६ | | संकेत नं. ५७.०३ अन्तर्गतका सनपाटको धागो वा रेशा आउने अन्य कपडाको लागि बनेको धागो | ४% | ४% | ४% | माफी |
| ५९.०४ | | बाटेको वा नबाटेको सुतली, लठारो, डोरी र केवल | ८% | ८% | ८% | १% |
| ५९.०५ | | डोरीबाट बनेको जाली र जाल डोरीहरू (ट्वाइन, कोर्डेज वा रोप) र धागोको माछा मार्ने तयारी जाल | ८% | ८% | ८% | १% |
| ५९.०६ | | धागो, डोरीहरू (ट्वाइन कोर्डेज, रोप वा केवल) बाट बनेका कपडाबाहेक अरू सामान र यस्ता सामानहरूबाट बनेका अन्य सामानहरू | ८% | ८% | ८% | १% |
| ६४.०२(२) | | कपडाको जुत्ता | १८% | १७% | ४% | माफी |
| ६८.०९ | | सिमेण्ट, प्लाष्टर वा अन्य जोडिने खनिज पदार्थ मिसिएको वा यस्ता पदार्थसंग एकत्रित भएका | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| | | वनस्पति रेशा, काठका रेशा, परालका रेशा, काठ रण्डा लगाउँदा आउने काठको धूलो र टुक्रा काठको अवशेष (काठको धूलोसमेत) बाट बनेको संघार फल्याक, झिंगटी, चौकोस र यस्तै प्रकारका सामानहरू | १९% | १८% | १८% | माफी |
| ६९.०८ | | ग्लेज गरेको चारपाटे, जमीन छोप्ने, अघेनोको भित्ते टाइल | १९% | १८% | १८% | माफी |
| ७१.०७ | (क) | मुद्रा बाहेकको कि. ग्रा. | १% | १% | १% | ८६०० |
| | (ख) | मुद्रासम्बन्धी कि. ग्रा. | १% | १% | १% | ८६०० |
| ७१.०८ | | मुख्य धातु वा चाँदीको भएको रोल्ड गोल्ड (सुनको जलप) कालीगढी नगरेको वा अर्द्ध तयारी कि. ग्रा. | १% | १% | १% | १७२० |
| ७१.११ | (क) | सुनको धूलो अन्य बहुमूल्य धातु भएकोबाहेक कि. ग्रा. | १% | १% | १% | १७२० |
| ७१.१२ | (१) | सुनको कि. ग्रा. | १% | १% | १% | ६४५० |
| ७१.१३ | (१) | सुनको कि. ग्रा. | १% | १% | १% | ६४५० |
| ७१.१४ | (१) | सुनको कि. ग्रा. | १% | १% | १% | ६४५० |
| ७१.१६ | | नक्कली गहना | २६% | २५% | २५% | १% |
| ७३.१३ | (ङ) | (१) कोटेड वा गेल्भनाइज्ड कोरुगेटेड (खुम्चिएको) | ११% | १०% | १०% | माफी |
| ७३.३० | | लंगूर र हात भएको लंगूर, फलाम वा इस्पातको | ४% | ४% | ४% | माफी |
